पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २८ अङ्क : १६ २०६७ कार्तिक २६ गते शुक्रबार (Nov. 12, 2010) मूल्य रू.

## राष्ट्र र माओवादी भारतीय चक्रब्युहमा

काठमाडौं / महिना दिनअघि सोलुखुम्बुको खानेपानी आयोजनामा आर्थिक सहयोग गर्न पुगेका भारतीय राजदूत राकेस सुदलाई कालो झण्डा देखाउनु, ढुङ्गा र जुत्ता हान्नु माओवादी र नेपालकै लागि महँगो सावित हुन पुगेको छ।

भरातीय राजदूत सुदले परराष्ट्र सचिव मार्फत् नेपाल सामु 'नन पेपर' पेश गर्दै नेपालका माओवादी शिविरमा भारतीय आतंकवादी माओवादीलाई प्रशिक्षण कसरी दिइयो ? भन्ने प्रश्न उठाउँदै नेपाल सरकार र माओवादी पार्टीलाई गम्भीर आरोप लगाएका छन्। साथै राष्ट्रसंघीय मिशन अनमिनको कार्यक्षेत्र र कार्यप्रणालीमाथि समेत प्रश्न खडा गरिदिएका छन। यही मामिलामा दिल्ली प्रशासनले नेपालका राजदूत रुक्मशमशेर जबरालाई बोलाएर भारतका राजदूलाई जुत्ता हान्नु भारतको बेइज्जत हो, कुटनीतिक मयार्दा बाहिरको व्यवहार हो, त्यस्तो अमर्यादित र भारतकै वेइज्जत गर्ने र नेपालमा आतंककारी तालिम (बाँकी अन्तिम पेजमा)

### तीन दल भूमिगत गिरोह

# लोकतान्त्रिक मण्डल र मण्डले जन्मिने भो

काठमाडौं / कांग्रेस, माओवादी र एमाले भूमिगत गिरोहको भूमिका निर्वाह गर्दै कहिले सिंहदरबार, कहिले गोदावारी, कहिले हात्तिबन र कहिले गोकर्ण रिसोर्टमा पुग्ने गरेका छन्। संविधान सभामा २७ दल छन्। यी ३ दल आफूले आफूलाई निरङकुश र सर्वसत्तावादी प्रामाणित गर्दै भूमिगतरुपमा सहमति खोजिरहेका छन्।

विगत ३ वर्षदेखि सहमति र



सहकार्य खोजिरहेका यी शीर्ष ३ दल अब एक दोस्रालाई प्रधानमन्त्री मान्न तयार नभएपछि पालैपालो अथवा अध्यक्ष मण्डल बनाएर सरकार चलाउने



मनस्थितिमा पुगेका छन्। अध्यक्ष मण्डलको अध्यक्ष को ? यसमा पनि कांग्रेसले मुखिया बन्न खोजेपछि कांग्रेस-माओवादी र एमालेबीच एक अर्कालाई



सहमतिको बाधक भन्दै मरीजा भन्ने (बाँकी अन्तिम पेजमा)

## राप्रपा नेपालको जनतालाई ज्ञापनपत्र

काठमाडौं। राप्रपा नेपालका अध्यक्ष कमल थापाले २९ गते पार्टी कार्यकर्ताहरू र आम जनतालाई सडकमा उतारेर जनतालाई ज्ञापनपत्र बुझाएर देशव्यापी जनआन्दोलनको आगो फुक्ने प्रयास गर्ने भएका छन्। संविधानसभाले संविधान लेख्न र संसदले सरकार निर्माण गर्न नसकिरहेको सन्दर्भमा फलाम तातेकै बेलामा हम्मर हान्नुपर्छ भन्ने सिद्धान्तलाई अंगीकार गरेर यो संघर्षको कार्यक्रम अगाडि सारेको अनुमान गरिएको छ। असंवैधानिक संविधानसभालाई खारेज गरेर ताजा जनादेशमा जाने माग सो दिन राप्रपा नेपालले उठाउने निश्चित ठानिएको छ।

राप्रपा नेपालले नेपाली जनतालाई ज्ञापनपत्र बुझाएर आन्दोलनको शंखघोष गर्ने भएको छ। भोली २७ गतेदेखि देशव्यापी (बाँकी अन्तिम पेजमा)

## सभामुख दायित्व पुरा गर : न्यायालय

अभियान संवाददाता

काठमाडौं / व्यवस्थापिका संसदमा प्रधानमन्त्री चुन्नका लगि भएको सोह्रौं पटकको चुनाव पछि पनि प्रधानमन्त्री चुन्न संसद असफल भएकोमा संसदको कार्यशैलीप्रति सर्वोच्च अदालतले असन्तुष्टि जाहेर गरेको छ।

न्यायाधीशद्वय कल्याणकुमार श्रेष्ठ र गिरिशचन्द्र लालको संयुक्त इजलासले बुधबार आर्थत कार्तिक २४ गते दिएको आदेशमा सभामुख सुभाष नेम्वाङको ध्यानाकर्षण गराउँदै संसदको नियमावली सार्थक रुपमा प्रयोग गर्न भनिएको छ। प्रधानमन्त्री पदका एक्ला उम्मेदवार रामचन्द्र पौडेललाई निर्विरोध प्रधानमन्त्री



घोषणा गर्ने माग साथ अधिवक्ता प्रभुकृष्ण कोइरालाले असोज १९ गते सर्वोच्च अदालतमा दायर गरेको रिट भने सर्वोच्च अदालतले खारेज गरिदिएको छ। संसदको नियमावलीको नियम ७ को व्यवस्थाको प्रयोग गर्न र त्यसलाई पुनविचार गर्न र प्रधानमन्त्रीको निर्वाचन सम्बन्धी सार्थक निष्कर्षमा पुग्ने व्यवस्थाका लागि ध्यानाकर्षण हुन विपक्षी व्यवस्थापिका संसद एवं अध्यक्ष संविभानसभा व्यवस्थापिका संसद समक्ष लेखी पठाउने आदेश दिंदै सर्वोच्चले संसदलाई प्रश्न समेत गरेको छ, उम्मेदवार उही मतदाता उही र परिणाम पनि उही हुने भएपछि त्यसको अर्थ के ? वारम्बार चुनाव गराउनको अर्थ के ?

सर्वोच्च अदालतले रिट खारेज (बाँकी अन्तिम पेजमा)

## जाँदा जाँदै बोहराले करोडौं कुम्ल्याए

अभियान संवाददाता

काठमाडौं / प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिएको १३८ दिन पुग्दासमेत नयाँ सरकार गठन हुन नसकेपछि कामचलाउ सरकारले मुलुकलाई दुरगामी असर पर्ने खालका विभिन्न निर्णयहरू गर्न थालेको छ। कामचलाउ सरकारले दैनिक भइपरी आउने बाहेक मुलुकलाई दुरगामी असर पर्ने खालका निर्णय गर्नु आफैंमा अप्रजातान्त्रिक र गैरराजनैतिक चरित्र हो। प्रधानमन्त्री माधवकुमार नेपालले नै गैरराजनैतिक निणर्यहरू गर्न थालेपछि उनको मन्त्रिपरिषद्का



सदस्यहरूले समेत त्यस्तै निर्णय गरी करोडौं करोड भ्रष्टाचार गरेका छन्। (बाँकी अन्तिम पेजमा)

## व्यक्तिगत स्वार्थ पुरा गर्न संविधान संशोधन ?

काठमाडौं / संधिवानसभाका तीन ठूला दलहरूको अकर्मण्यता र नालायकीपनले गर्दा मुलुक असफल राष्ट्रतर्फ उन्मूख भइरहेको बेलामा तीन दलका शीर्ष नेताहरूले विभिन्न समयमा विभिन्न ठाउँमा गोप्य बैठक गरेर सबै समस्याहरूको समाधान खोज्ने प्रतिबद्धता जनाएता पनि केवल त्यो हात्तीको देखाउने दाँत जस्तोमात्र भएको छ। हालै तीन दलका शीर्ष नेताहरू हात्तीवनमा पुगेर झण्डै २० घण्टा गोप्य बैठक गरेपनि हात लाग्यो शुन्य भएपछि एकीकृत नेकपा माओवादीले संविधान संशोधन गरेर प्रधानमन्त्रीको सट्टा अध्यक्ष मण्डलको प्रस्ताव गरेको छ। संविधानमा कहींकतै नभएको (बाँकी अन्तिम पेजमा)

## २९ गते भागबण्डा मिल्ने भो त

काठमाडौं। हात्तीवन र गोकर्ण रिसोर्टमा १३ लाखको पिकनिक भोज खाएर पनि शीर्ष तीन दलको सत्ताको भागवण्डा मिल्नेसकेन। गत बुधवार गोकर्ण रिसोर्टमा क्याम्प फायर गरेर बल्ल बल्ल आगामी २९ गते भागबण्डा मिलाउने सहमति भएको छ। तथापि त्यस दिन पनि सत्ता समीकरणको सहमति हुन्छ भन्ने कुनै ग्यारेण्टी भने छैन। जनतालाई आश्वासनको ललीपप चुसाएर राज्यकोषमाथि लखनौं लूट गर्न पल्केका शीर्ष तीन दलहरू अझै कति दिन जनताको आँखामा छारो हाल्ने हुन् ? जनता आक्रोसित हुन थालिसकेका छन्।

(बाँकी अन्तिम पेजमा)

## सजायको भागीदार त हुनै पर्‍यो नि !

*शाश्वात शर्मा*

फेरी प्रष्ट भो, परचक्री (खासगरी भारतीय विस्तारवाद) को धाप पाएर यहाँका लोभी-पापी, राष्ट्रघाती, सत्तान्ध र फटाहाहरूले यो हाम्रो मुलुकलाई विगत करीब चारवर्षदेखि एकछत्र रुपले चलाएका (?) रहेछन् भन्ने कुरा। यि फटाहाहरूका कारण अब त मुलुक नै नरहने भो भनेर एकथरीले ठोकुवा पनि गर्न थालिसके। अब जिम्मा कसले लिने त ? दोष कसलाई त ? यो मुलुकको वर्तमान दूरावस्थाको दोष भारतीय दलालहरूले त लिनै पर्छ, त्यो बाहेक तिनलाई पनि दिनु पर्छ, जो हिजो त्यो कथित जनआन्दोलन ०६२/०६३ लाई हिंसायुक्त बनाई सफल पार्न उद्दत थिए। हिजो भा रु को रसस्वादन गर्दै सडकका रेलिङरु भाँच्दै, सरकारी गाडीहरूमा आगो लगाउँदै, तोडफोड गरेर जसरी 'मजा' लिइएको थियो, आज देखिएको त्यसको दुष्परिणामको दोष ती सबै कार्यकर्ताहरू, डलरवादी नागरिक समाजका व्यक्तिहरू, मानवअधिकारवादीहरू, बिकाउ बुद्धिजिवीहरू, हण्डीवाज पत्रकारहरू आदीइत्यादी सबैलाई दिनैपर्छ। के सोचेर त्यो भाँडभैलो आन्दोलन ०६२/०६३ लाई उचाईमा पुर्‍याएका थिए, यिनले ? त, यो मुलुकको नामो-निशान मेटाउनका लागि सहयोग गर्ने ती सबैलाई दोष दिएर मात्र पुग्छ ? तिनलाई कठोर सजायको भागीदार बनाउनु पर्दैन त ? हेरौं त, एउटा प्रधानमन्त्री चयन हुन सकिरहेको छैन। मुलुकका अरु गम्भीर



समस्याहरूलाई समाधान गर्ने कुरा त कता हो कता ? ...मरेर गयो- त्यो गिरिजा लगायत अहिलेका माधव, प्रचण्डहरूको व्यक्तिगत ईच्छापूर्ति र भारतीय विस्तारवादको स्वार्थका लागि यो सुन्दर, शान्त मुलुकलाई रसातलामा पुर्‍याउन सबै खालेहरूले जानी नजानीकन सहयोग गरे। अब यिनलाई दोष मात्र दिएर पुग्दैन, दण्ड त सबैले भोग्नै पर्छ। हिजो अगजनी गर्दै, तोडफोड गर्दै र बेलुका एक बोतल रक्सी र केही टुक्रा मासुका लागि भा.रु. थापेर कथित जनआन्दोलन ०६२/०६३ लाई सफल बनाउन मद्दत पुर्‍याउने 'तल्ला' र (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# राष्ट्रघातमा निर्वाचन आयोग

केही समय पहिला निर्वाचन आयोगका कार्यबाहक प्रमुख आयुक्तले संविधानसभाको चुनावमा पच्चीस प्रतिशत फर्जी मत परेको उद्घोष गरेपछि राजनैतिक दलहरुमा एकप्रकारको हल्लीखल्ली नै मच्चीएकको थियो । केही राजनैतिक दलहरुका नेताहरुले पच्चीस प्रतिशत फर्जीमतले जितेका संविधानसभाका सदस्यहरुले संविधानसभामा रहने नैतिकता गुमाइ सकेका हुनाले संविधानसभा नै विघटन गरेर ताजा जनोशका लागि जनतामा जानुपर्ने बताएपनि खास गरेर संविभानसभामा उपस्थित भएका २७ दल मध्येका तीन ठूला दलहरुले त्यस्तो कुरालाई वास्ता नै गरेनन् । फर्जी मतले जित्नेमा सबैभन्दा बढी एकीकृत नेकपा माओवादीकै सदस्यहरु रहेका छन् । त्यसपछि नेपाली कांग्रेस र नेकपा एमालेका रहेकाछन् । एउटा संवैधानिक आयोगका प्रमुखले उद्घोष गरेको कुरालाई छलफल र बहससम्म चलाउन राजनैतिक दलहरुले कुनै सक्रियता नदेखाएपछि आयोग प्रमुखले गरेको उद्घोष सही सावित भएको छ ।

निर्वाचन आयोगले फोटोसहितको मतदाता सूची तयार गर्न गत भाद्र २८ गतेदेखि काम प्रारम्भ गरेको भएपनि केही राजनैतिक दलहरुले त्यसको विरोध गर्दै मतदाता सूची संकलन गर्न अवरोध गरेपछि निर्वाचन आयोगले पटक पटक राजनैतिक दलहरुसँग वार्ता गरेको थियो । मतदाता सूचीलाई शुद्धिकरण गरेको खण्डमा र फेटोसहितको मतदाता सूची तयार भएको खण्डमा फर्जीमत प्रयोग गरेर चुनाव जित्ने बानी परेका दलहरुका नेताहरु नराम्रोसँग पराजित हुने भएपछि उनीहरुले मतदाता सूची संकलन कार्यलाई अवरोध मात्र पुऱ्याएनन् अब नागरिकता विना नै मतदाता सूची बनाउन निर्वाचन आयोगलाई सहमत गराएर अर्को राष्ट्रघात गरेका छन् । हो, प्रत्येक नेपाली नागरिकले नेपाली नागरिकता पाउनु पर्दछ । नेपाली नागरिकले नागरिकता पाउनु उनीहरुको नैसर्गिक अधिकार हो, तर दलगत स्वार्थ पूर्ति गर्ने काममा लागेर २०६५ सालमा झण्डै ३० लाख व्यक्तिरूलाई नेपाली नागरिकता प्रदान गरिएको थियो । अहिले आएर केही मेधशवादी दलहरुले अहिले पनि लाखौं लाख नेपाली जनताले नेपाली नागरिकता पाएका छैनन्, त्यसकारण उनीहरु मतदाता हुन बाट वञ्चित हुन्छन भनेर फोटो सहितको मतदाता सूची संकलन गर्न नदिनु मधेशवादी दलको राष्ट्रघाती कार्य बाहेक अन्य केही हुन सक्दैन । नेपाली नागरिकले नागरिकता पाएका छैनन् भन्ने तिनीहरुलाई कानून सम्मत ढङ्गले नागरिकता वितरण गरिनु पर्दछ । त्यो कार्य सरकारको हो, सरकारले उमेर पुगेका आफ्ना नागरिकहरुलाई वेनागरिक बनाएर राख्न मिल्दैन ।

नेपाली नागरिकता नपाएको भन्दै नेपाली नागरिकताको विकल्प खोजेर राजनैतिक दलहरुले अर्को राष्ट्रघात गरेका छन् । नेपाली नागरिकताको विकल्प अर्को केही हुन सक्दैन । अब दलहरु र निर्वाचन आयोगको संयुक्त राष्ट्रघात हुने भएको छ । अब नगरपालिका र गाविसहरुले दिएको सिफारिस पत्र दलका प्रतिनिधिहरुले दिएको पत्रका आधारमा पनि फोटोसहितको मतदाता सूची संकलन हुने भएपछि धेरै गैरनेपालीहरु मतदाता सूचीमा फोटोसहितको आफ्नो नाम रहेको हुनाले आफू नेपाली नागरिक भएको दाबी गर्न सक्ने भएको हुनाले नियोजित रूपमा नेपाली जनतालाई आफ्नै देशमा अल्पमतमा पार्ने षड्यन्त्रमा केही ठूला दल सक्रिय भएका छन् । केही वर्ष पहिला प्रतिनिधिसभाले त्यस्तै खालको विधेयक पारित गरेर श्री ५ कहाँ लालमोहरका लागि पठाउँदा तत्कालीन श्री ५ वीरेन्द्रबाट त्यसले नेपाल र नेपाली जनतालाई ठूलो असर पर्ने भन्दै पुनविचार गरेर पठाउन प्रतिनिधिसभा मै फिर्ता पठाईबक्सेको थियो । पछि प्रतिनिधिसभाले पहिलाकै विधेयक श्री ५ मा पठाएपछि रायसुझावका लागी श्री ५ ले सम्मानीत सर्वोच्च अदालतमा पठाईबक्सेकोमा त्यो विधेयकलाई नै सम्मानित अदालतले कानून विपरीत भएको ठहर गर्दै खारेज गरेको थियो ।

२०६२/०६३ मा भएको आन्दोलनपछि तत्कालीन सात दल र तत्कालीन गिरिजाप्रसाद कोइरालाको सरकारले माओवादीको सहयोगमा त्यही विधेयकलाई जस्ताको तस्तै पारित गरेर लाखौं गैरनेपाली नागरिकहरुलाई झण्डै ३० लाख नेपाली नागरिकता बाँडिएको थियो । त्यसैबेला पनि झण्डै २० लाख भारतीयहरुले तराईका विभिन्न जिल्लाबाट नेपाली नागरिकता लिएको त्यसैबेला सञ्चार माध्यमहरुले प्रचारप्रसार गरेरपनि भारतको इसारावेगर चल्न नसक्ने दलहरु र सरकारले त्यसलाई वास्ता नगरेर नेपाली जनताको अधिकारमाथि ठाडो प्रहार गरी राष्ट्रघात गरेका थिए । अहिले आएर निर्वाचन आयोगले चुनावलाई निष्पक्ष र धाँधलीरहित बनाउनको लागि मतदाता शुद्धिकरण गर्नका लागि फोटोसहितको मतदाता सूची संकलन गर्न खोज्दा आयोगमाथि प्रहार गरी कसैको सिफरिसका आधारमा मतदाता नामवली संकलन गर्नु भनेको अर्को ठूलो राष्ट्रघात हो । निर्वाचन आयोग आफैंले उठाएका कुराहरुमा अडिग रहन सकेन किन ? साँच्चिकै उसले निवार्चनलाई निष्पक्ष र धाँधलीरहित बनाउन चाहेको भए उ आफ्नो अडानमा अडिग रहन सक्थ्यो, तर पद जाने लोभले गर्दा उसले राजनैतिक दलहरुको अनावश्यक दबाबलाई स्वीकार गरेर उ पनि राष्ट्रघात गर्ने कार्यमा सरिक हुनु भनेको विस्तारै मुलुकलाई सिक्किमीकरण गर्न खोज्नु बाहेक अन्य केही हुन नसक्ने ठहर हामीले गरका छौं ।

# संविधानसभा तीन दलको रबरस्टाम

***देबेन्द्र चुडाल***

संविधानसभाको चुनाव पछि मुलुक असफल राष्ट्रतिर उन्मूख हुँदै गएको छ । मुलुकलाई असफल राष्ट्र बनाउन संविधानसभामा उपस्थित भएका २७ दलहरू मध्येका तीन ठूला दलहरू नै उद्दत रहेका छन् । तीन ठूला दलहरूले संविधानसभाको चुनाव पछि ठूलो दल भएको घमण्ड देखाउन थालेपछि मुलुक अहिलेको संकटग्रस्त अवस्थामा पुगेको हो । नेपालको अन्तरिम संविधानमा उल्लेख भएक कतिपय प्रावधानहरू अहिले पनि लागु नै भएका छैनन् । ६ महिनाभित्रमा गर्ने भनिएका कपिय प्रावधानहरू झण्डै तीन वर्षभित्रमा लागु नभएपछि अहिले समस्या नै समस्याले मुलुक ग्रस्त भएको छ । २०६३ मा भारतको राजधानी नयाँदिल्लीमा भएको १२ बुँदे सहमति र त्यसलाई आधार मानेर तयार गरिएको बृहत शान्ति सम्झौताको पूर्ण रुपमा उल्लंघन भएको छ । भारतको राजधानी नयाँदिल्लीमा भएको १२ बुँदे सहमति गर्ने तत्कालीन ७ दल र माओवादीले नै ती सहमति र सम्झौताहरू पालना नगरेका हुनाले दलहरूले एक-अर्कालाई आरोप-प्रत्यारोप लगाउने मौका पाएका छन् । खासगरेर एकीकृत नेकपा माओवादीले आफ्ना पूर्व लडाकूहरू समायोजन र व्यवस्थापन गर्न अहिले पनि चाहिरहेको छैन । तिनै लडाकूहरूलाई देखाएर एकीकृत नेकपा माओवादी आउँदो संसदीय चुनाव जित्न चहान्छ भने अन्य दलहरू पहिला माओवादीका पूर्व लडाकूहरू र क्यान्टोनमेण्टमा राखिएका हतियारहरू सरकारको जिम्मामा आउनुपर्ने अडानमा अडिग रहनु नै समस्याको प्रमुख बाधक हो ।

तीन ठूला दलको असफलता र अकर्मण्यताको मार नेपाली जनताले भोगिरहनु परेको छ । मुलुक अहिले पनि सरकार विहीन अवस्थामा रहेको छ । प्रधानमन्त्री माधावकुमार नेपालले माओवादीको माग अनुसार गत असार १६ गते राजीनामा दिएपछि अलिहेसम्म नयाँ सरकार गठन हुन सकेको छैन । संविधानसभाको पदावधि लम्ब्याउनको लागि माधव नेपालको राजीनामालाई माओवादीले पहिलो प्राथमिकतामा राखेपछि माधवकुमार नेपालले राजीनामा दिएका थिए । संविधानसभाले तोकिएको समयमा अर्थात २०६७ जेठ १४ गते भित्रमा संविधान निर्माण गर्न नसकेपछि एक वर्षका लागि संविधानसभाको पदावधि थप्नका लागि २०६७ जेठ १४ गते मध्यरातमा तीन दलहरूबीच एक लिखित सहमति भयो र संविधानसभाको म्याद एक वर्ष लम्बियो । तर सोही सहमतिअनुसार कार्य गर्न एकीकृत नेकपा माओवादीले आनाकानी गरेपछि प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिएको १३८ दिन बितिसक्दा पनि दलहरू नयाँ सरकार बनाउन असक्षम भएपछि मुलुक सरकारविहीन अवस्थामा पुगेको हो । प्रत्येक वर्ष आर्थिक वर्षको शुरुमा सरकारले आफ्नो नीति तथा कार्यक्रम ल्याउने र सोही कार्यक्रमलाई पुरा गर्नका लागि प्रत्येक वर्ष ल्याइने बजेटसम्म आउन सकेको छैन । वार्षिक बजेट समयमै नआउनाले विकास निर्माणकामा कार्यहरू ठप्प भएका छन् । कतिपय जिल्लाहरूमा सरकारी कर्मचारीहरूले ऋण सापटी गरेर तलवभत्ता खान थालेका हुनाले अबको केही दिनभित्रमा बजेट नआएको खण्डमा सरकारी कर्मचारीहरूले तलबभत्ता समेत खान पाउने अवस्था छैन । यसरी मुलुकलाई यस्तो संकटपूर्ण अवस्थामा पुऱ्याउँदा समेत तीन दलका शीर्ष नेताहरूको पार्टीगत स्वार्थ र व्यक्तिगत महत्वाकांक्षाले मुलुक डुबे डुबोस आफ्नो लिंडेढिप्पी छोड्न तयार नहुनु भनेको दलहरूको नेपाली जनतामाथिको राजनैतिक बेइमानी हो ।

तीन दलका शीर्ष नेताहरू कुनै अँध्यारो कोठामा बसेर निर्णय गर्ने र सोही निर्णयलाई संविधानसभाको बैठकमा प्रवेश गराएर तीन ठूला दलको हुकुमी प्रणाली लाद्न चाहिरहेका छन् । सबै समस्याको समाधान गर्ने थलो संविधानसभा नै हो । तर, अहिले संविधानसभालाई गफाडीहरूको गफ गर्ने थलोका रुपमा विकसित गरिएको छ । सबै समस्याहरूको समाधान अँध्यारो कोठाबाटै खोज्ने गरिएको हुनाले दलहरूले संविधानसभालाई एउटा देखाउने दाँत मात्र बनाएका छन् । तीन दलका नेताहरू कहिले शीर्ष नेताको बैठक त कहिले गोप्य वार्ता गर्ने भन्दै बैठकमा सामेल भएपनि कुनै ठोस उपलब्धि निकाल्न असक्षम भएका छन् । खासगरेर तीन दलको अहमता र असक्षमतालाई हेरेर अब तीन दलको मात्र होइन संविधानसभभमा उपस्थित भएका सबै २७ वटै दलका शीर्ष नेताहरूको बैठक संविधानसभामै बस्नु आवश्यक भएको छ । संविधानसभाभन्दा बाहिर गएर गरिएको कुनैपनि निर्णय हामीलाई स्वीकार्य छैन भनेर संविधानसभाका सदस्यहरूले किन नभन्ने ? सबै निर्णयहरू केही दलका शीर्ष नेताहरू अँध्यारो कोठामा बसेर गर्ने भए संविधानसभाको औचित्य नै के ? नेपाली जनताले दिएको म्याण्डेटलाई उल्लंघन गर्दै मृत्युशैयामा पुगेको संविधानसभाको पदावधि लम्ब्याउनुको अर्थ के ? संविधानसभालाई निरीह र संविधानसभाका सदस्यहरूलाई रबरस्टाम बनाएर बाहिर कतै बसेर गरिएको निर्णयलाई लाहाछाप लगाउने कार्य दलहरूले गरेका हुनाले अब संविधानसभाको औचित्य सम्माप्त भएको हुनाले त्यो रबरस्टाम संविधानसभालाई विघटन गरेर नयाँ जनादेशको लागि ताजा चुनावमा जानु बाहेक अन्य केही विकल्प बाँकी छैन ।

नेपाली जनताले संविधानसभाका सदस्यहरूलाई २ वर्षको म्याण्डेट दिएर संविधानसभामा पठाएका थिए । दुई वर्षको पदावधि समाप्त भएपछि उनीहरूले आफ्नो असफलता र अकर्मण्यतालाई लुकाउनैको लागि आफ्नो पदावधि आफैं थपे । त्यो भन्दा लाजमर्दो र नालायक कुरा अन्य केही हुन सक्दैन । संविधानसभाले संविधान नै नभएको मुलुकको संविधान बनाउने होइन, नेपालमा पटक पटक संविधान निर्माण भएका छन् । पछिल्लो पटक अन्तरिम संविधान जारी भई लागु समेत भएको छ, त्यतिहुँदा पनि संविधान बनाउन सकिदैन भने त्यस्ता व्यक्तिहरूले किन हामी जनताका प्रतिनिधि हौं भन्ने घमण्ड गर्ने ? विश्वका धेरै देशहरूमा थोरै समयमै संविधान निर्माण भएका उदाहरणहरू धेरै छन्, जस्तै अफगानस्तानमा ९० दिनमा संविधान निर्माण भएको धेरै भएको छैन । त्यसैगरी इराकमा ६ महिनाभित्रमा संविधान निर्माण भएको छ, पूर्वी टिमोरमा १८ महिनामा संविधान निर्माण भएको थियो । स्मरणरहोस पूर्वी टिमोर इण्डोनेसियाको एक प्रान्तबाट छुटिएर एक अलग राष्ट्र भएको थियो । त्यहाँ कुनै संविधान नै थिएन तै पनि त्यहाँ १८ महिनामा संविधान जारी भएको थियो । तर हाम्रा राजनैतिक दलहरूले २ वर्षभित्रमा पनि संविधान बनाउन सकेनन् किन ? तोकिएको समयभित्रमा संविधान निर्मण गर्न नसकेपछि उनीहरूले जनतासामु क्षमा याचना गर्दै अब थपिएको समयमा संविधान निर्माण गर्ने प्रतिबद्धता जनाउनु पर्नेमा दलका नेता र संविधानसभाका नेता सुभाष नेम्वाङलेसमेत त्यस्तो क्षमा याचना गर्ने प्रयाससम्म गरेनन् जनतालाई चुनाव जित्ने भऱ्याङमात्र बनाएका हुनाले अब पनि २०६८ जेठ १४ गतेभित्रमा संविधान नआउने प्राय: निश्चित छ ?

संविधानसभाको चुनावपछि नेपालमा विदेशी प्रभाव ज्यादै बढेको नेपाली जनताले महसूस गरेका छन् । खास गरेर दक्षिणी छिमेकी मुलुक भारतको हस्तक्षेप प्रत्येक क्षेत्रमा बढेको छ । त्यसको एकमात्र कारण हो, तत्कालीन सात दल र माओवादीलाई भारतको सहयोग र पूर्ण समर्थनमा १२ बुँदे सहमतिमा हस्ताक्षर गर्न लगाउनु । भारतको सहयोग र समर्थनमा नभएको भए १२ बुँदे सहमति कुनै हालतमा पनि हुने थिएन । अहिले भारतीय सरकारको आँखा खुलेको हो कि भन्ने आभाष पाउन थालिएको छ । आफैंले सहमति र सम्झौता गराएको एक दल माओवादीले आफैं विरुद्ध अनेक हथकण्डा अपनाएको र भारतका माओवादीलाई प्रशिक्षण दिएर भारतविरुद्ध लड्न पठाएको स्वयं भारतको भनाइले गर्दा १२ बुँदे सहमति गलत थियो भन्ने सोचाइमा भारत पुगेको एक जानकारले बताएका छन् । आफू सिसाको महलभित्र बसेर अर्काको घरमा ढुङ्गा हान्ने भारतले बुझ्नु पर्ने हो अर्काको देशमा हस्तक्षेप गरेर आफ्नो क्षणीक स्वार्थ पूरा गर्न खोजेपनि त्यो टिकाउ र भरपर्दो हुन सक्दैन, त्यसैले भनिन्छ सौताको रिसले पोइको नाक काट्दा आफ्नो पनि उठीबास हुन्छ । अहिले भारतले त्यसेको फल भोगिरहेको छ । भारतीय माओवादी भारत सरकारको लागि सबैभन्दा ठूलो चुनौतीको रुपमा रहेको स्वयं भारतीय प्रधानमन्त्री मनमोहन सिंहले स्वीकार गरिसकेका छन् ।

# देशलाई सलाम गरौं

**दृष्टिकोण** — **राजन कार्की**

१९२२ मा इटलीमा फासिज्म शासनको प्रादुर्भाव भएको हो । फासिज्मवादको कुनै निश्चित सिद्धान्त थिएन । नेता मुसोलिनी भन्थे- ब्अतष्यल लयत तबपि, त्जभचभ ष्क लय लभभम ायच मयनरुब, मष्कअष्उष्लिभ कगााष्अष्खभ। राज्य साध्य र मानव साधन भन्ने उनको भनाईलाई रोक्को भन्ने विद्वानले फासिज्मलाई नागरिक समाजको नयाँ सिद्धान्त भनेर व्याख्या गरेका छन् । त्यसपछि फासिज्मलाई नयाँ संस्कृतिको आरम्भ भन्न थालियो ।

यसको ११ वर्षपछि १९३१ मा जर्मनमा नाजीवादले जनअनुमोदन पायो । इटलीको फासीवाद राष्ट्रवाद भन्थ्यो, जर्मनको नाजीवादले राष्ट्रवाद र जातिवादलाई उचाल्यो । समयक्रममा दुबै वादले मुखुण्डो उतारे, दुवै वाद जनहत्यावाद बन्यो ।

झण्डै १० दशकपूर्वका यी ऐतिहासिक प्रसङ्ग र नेपालको वर्तमान सन्दर्भ मिल्दाजुल्दा छन् । राष्ट्रवादको चर्को आवाज र जातिवादको सस्तो नारा 'लोकतन्त्र' भएको छ । सत्ता र शक्ति बन्दुकको नालबाट निस्कन्छ भन्ने र प्रजातन्त्रको भाषा भट्याएर नथाक्ने दुवै मान्यता यसका पात्र बनेका छन् । थुप्रै दल छन्, संस्था र संगठनहरू छन् । ती सबै आचार-विचार र सीमाबद्ध छैनन् । सबैका कर्कस श्वरले जनविकर्षण उत्पन्न गरिसकेको छ । कसैका बशमा कोही छैनन्, नैतिकताका बारहरू पनि भाँचिसकेका छन् । बिबादको रण्डखाल छ, फोहर गर्ने सबै छन्, सफा गर्न कोही तैयार छैनन् । नेपालको वर्तमान मुसोलिनी र हिटलरको पछिल्लो शासनकालको युगमा प्रवेश गरेजस्तो लाग्छ । दिनदहाडै गोली ठोकेर मान्छे मार्नु गिलोटिनभन्दा कम हो र ? नयाँ नेपाल असफल बन्दैछ । मान्छेमा पनि देवत्व देख्ने र पुज्ने संस्कारका हामी नेतामा दैत्य र शासनमा राक्षस देख्न थालेका छौं । छोटो समयको चिन्ता गर्ने राजनीतिले देशको लामो भविष्यलाई छोट्याउन थालेको अुनभूति हुँदैछ ।

यो अवस्थामा प्रचण्डजस्ता अग्ला नेताले नेपाललाई सलाम ठोकेर नेपाली एकतालाई मजबुत पार्नुपर्ने हो । नेपाल एक त संक्रमणमा छ, त्यसमाथि भारतले १९५० को सन्धि, सिमाना र सिर्जना गरिदिएका थुप्रै समस्यामा फस्दै गएको छ । यो अस्थिर अवस्थाबाट मुक्तिका लागि दलको दलानबाट राष्ट्रिय मैदानमा उभिनसक्ने नेताको खाँचो टड्कारै देखिन्छ । जति राजनीतिक रडाको मच्चिन्छ, उति बिदेशीलाई फाइदा हुन्छ । त्यसैले प्रचण्डजस्ता जनताबाट निर्वाचित प्रतिनिधि र देशको ठूलो दलका नेताको हैसियतले आफूभन्दा साना र कमजोर पार्टीहरूको कतिपय संकीर्ण कृयाकलापलाई बेवास्ता गर्दै राष्ट्र हितका बन्द ढोकाहरू खोलेर संविधानसभाको मर्म र संविधानको अपरिहार्यतालाई परिपूर्ण गराउन सक्नुपर्ने हो । अन्य दलहरूले किनारा लगाए भनेर आक्रोसित हुनु अपरिपक्वता हो । अन्य दलले पनि माओवादीलाई किनारा लगाएर संविधान र स्थिरताको कल्पना गर्नु राजनीतिक गल्ती हो ।

१९ हजार ६ सय २ छापामार राज्यले पालनपोषण गरे पनि राज्यका नियन्त्रणमा छैनन् भन्ने विषय सत्य भयो । राजनीतिक सहमतिका लागि लडाकु समायोजन चुनौती बनेर उभिएको अग्लो राजनीतिक पहाड हो । २०६६ साल फागुन १७ गते प्रचण्ड लडाकुलाई राजनीतिक प्रशिक्षण दिनपुगे । राष्ट्रपतिको कदम सच्चिनुपर्ने, नागरिक सर्वोच्चता कायम हुनुपर्ने र लडाकु समायोजन हुनुपर्ने माग राखेको माओवादीले राज्यको मातहत पुगिसकेका लडाकुलाई दलगत प्रशिक्षण दिनुहुन्थ्यो कि हुन्थेन ? गलत कदम राष्ट्रपतिको मात्र होइन, गल्ती सबै नेताको सच्चिनुपर्छ । सबैले संहिता निर्माण गरेर त्यसअनुसार चल्छौं भन्नैपर्छ । मिच्ने र थिच्ने, मान्ने र उल्लंघन गर्ने कार्यले अवरुद्ध सहमति र शान्तिमार्ग खुल्दैन, सत्ता नेतृत्वको मतभेदका कारणले उत्पन्न संशय र अविश्वासको महाभारत पर्वत ढल्नेवाला छैन ।

भारतका प्रधानमन्त्री डा. मनमोहन सिंह, गृहमन्त्री पी. चितम्बरम र विदेश सचिव निरुपमा रावले नेपालबाट भारतको सुरक्षामा चुनौती बढेको आरोप लगाइसकेका छन् । नेपालका माओवादी र भारतका माओवादीवीच सम्पर्क रहेको र नेपालबाट नक्कली नोट भित्रिएको, भारतीय सीमा क्षेत्रमा मुसलमानहरूको मदरसामार्फत व्यापक भारतविरोधी कृयाकलाप पन्पिएको लगायतका आरोप लगाएर नेपालबाट भारतलाई खतरा छ भन्नुले भारतको नेपालमा सुरक्षा चासोले व्यापकता लिन खोजिरहेको छ । नेपालका सामु चुनौती थपिदै छन्, सामना गर्ने हैसियत घट्दै गएको छ । नेताहरूले सत्तातिर हेर्ने, अन्यत्र आँखा चिम्लिनु दुःखद छ ।

अव समय छैन लालसेनालाई 'राजनीतिक सफाया'को पाठ पढाउने । अवको समय भनेको बिद्रोहको होइन, लोकमतकै हो र त्यो पनि देखिने लोकमतको । यही लोकमतमा आवद्ध गराउन सके छापामार देशको सिपाही बन्न पुग्नेछन् । तिनीहरू पनि लोककै शक्ति र सम्पत्ति बन्नेछन् । माओवादीले युवाशक्तिलाई राष्ट्रसेवक बनाउन कसरत गर्ने हो भने उसँग पर्याप्त उर्जा पनि छ, कार्यकर्ताको भण्डार पनि । मात्र कमी छ भने लोकतान्त्रिक चरित्रको । माओवादीले सत्ता नहेर्ने, सेवा र शान्ति भन्ने हो भने अहिलेका कांग्रेस र एमाले फेरि माओवादीले उडाएको राजनीतिक धूलोमा धुलिसात हुनेछन् । माओवादीमाथि देशभित्र र देशबाहिरबाट औंला उठेको कारण अलोकतान्त्रिक चरित्र र उन्मादी भनेर हो । आग्रह यत्ति हो- प्रचण्डजी देशको नेता बन्नुहोस्, एउटा टुकडीको सलामीले बिद्रोही बन्न सकिन्छ, स्टेट्सम्यान बन्न सकिन्न । ज्वाला सिंह वा गोइतका प्रेरणा बनेर देशको नेता हुन सकिन्न । इतिहास पुरुष बन्ने अवसर बारम्बार आउँदैन । १० वर्षे जनयुद्धकालको अन्त्य भइसकेको छ । प्रेत उधिनेर प्रेतात्मा ब्यूँतिन सक्ला, प्रेतात्माले जिवात्मालाई सताउँछ मात्रै । त्यसैले प्रचण्डजी, तपाईं देशलाई सलाम गर्नोस्, देशबासीले तपाईंलाई सलाम गर्नेछन् ।

## राप्रपा नेपाल...

माग गर्दछ । नागरिकता प्रमाण पत्र नलिएका प्रत्येक नेपालीलाई सरल र सहजढङ्गबाट नागरिकता प्रमाणपत्र दिइनु पर्दछ र मतदाता परिचयपत्रको निमित्त नागरिकतालाई मात्र आधार मानिनु पर्दछ भन्ने राप्रपा नेपालको दृढ अडान अडान रहेको छ ।

माधवकुमार नेपालले संविधान बमोजिम प्रधानमन्त्री पदबाट राजीनामा दिई राष्ट्रपतिद्वारा निजको राजीनामा स्वीकृत समेत भइसकेको तथ्य सर्वविदित छ । राजीनामा स्वीकृत भइसकेको प्रधानमन्त्रीले वार्षिक बजेट ल्याउने भन्ने विषय असंवैधानिक, हास्यस्पद र प्रजतान्त्र कै उपहास हो । राजीनामा स्वकिृत भइसकेको कुनैपनि पदाधिकारीले औपचारिक निर्णय वा कार्य गर्नु आफैमा गैरकानूनी र अनैतिक ठहर्दछ । त्यसर्थ बजेट नआउँदा उत्पन्न हुने सक्ने चरम आर्थिक संकटको खतरा निराकरणका लागि समेत तत्काल राजनैतिक निकास निकाल्ने तर्फ सबैको ध्यान जानु पर्दछ भन्ने राप्रपा नेपालको धारणा रहेको छ ।

नेपालीहरूको महान चाड तिहार अन्तर्गत लक्ष्मी पूजाको पूर्व सन्ध्यामा सिराहा जिल्लामा गौ हत्या गरिएको घटनाको राप्रपा नेपाल घोरा भत्सर्ना र विरोध गर्दछ । गौ हत्यामा संलग्न व्यक्तिलाई कानून बमोजिम कारबाही गर्न रप्रापा नेपाल सरकारसँग माग गर्दछ ।

माओवादी लडाकू सेनाका कमाण्डरहरूको गोप्य चीन भ्रमण, सांसद् खरिदका लागि पचास करोड माग सम्बन्धि टेप प्रकरण, अमेरिकी सरकारद्वारा नेपालको खुला सीमानबाट भारतीय सुरक्षामा खतराको संकेत एवं भारत सरकारद्वारा हालै भारतीय माओवादीलाई नेपाली माओवादीले नेपालभित्र तालिम दिइएको आरोप जस्ता राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट अत्यन्त गम्भीर र संवेदनशील विषयहरूका बारेमा सरकारी मौनता चिन्ताजनक रहेको छ । यस सम्बन्धमा आवश्यक छानविन र आधिकारीक धारणा प्रष्ट पार्न राप्रपा नेपाल सरकारसँग माग गर्दछ भन्ने उल्लेख गरिएको छ ।

# Shutdown observed in occupied Kashmir

Srinagar, November 07 (KMS): In Indian occupied Kashmir, the Chairman of All Parties Hurriyet Conference, Mirwaiz Umar Farooq and veteran Kashmiri Hurriyet leader, Syed Ali Gilani have appealed to the US President, Barack Obama to help in resolving the Kashmir dispute.The APHC Chairman addressing a press conference at his residence in Srinagar, today, while noting that the visit of Barack Obama to India was focussed on economy, said that economic development could not be achieved without political stability in the region, which was dependent on the resolution of the Kashmir dispute.About the signature campaign launched by the APHC to seek US intervention on Kashmir, he said that the initiative was to highlight the need for third party assistance for resolving the dispute as bilateral dialogue between Pakistan and India over the past many decades had failed to make any progress. He said that the US should appoint a special representative for South Asia if permanent peace and stability was to be achieved in the region.Syed Ali Gilani, in a memorandum issued in Srinagar and addressed to President Obama urged him to use all his influence with India for restoration of the right to self-determination for the people of Jammu and Kashmir.

He maintained that the resolution of the lingering dispute with American assistance would go a long way in eradication of trust deficit between the US and the Muslim World.The two leaders condemned the harassment of Sikh community in Hutmurah area of Islamabad by Indian troops.The High Court Bar Association of occupied Kashmir in a memorandum called upon the US President to take cognisance of the gross human rights violations by the troops in the territory.On the other hand, complete shutdown was observed across the territory for the second successive day, today, call for which had been given by Syed Ali Gilani to attract attention of President Obama towards the situation in occupied Kashmir. People took to the streets and staged anti-India demonstrations in Sopore, Baramulla, Pattan, Kupwara and Islamabad areas. The puppet authorities booked a civilian, Shabir Ahmed, under draconian law, Public Safety Act, in Reasi and shifted him to Kot Bhalwal jail. Indian paramilitary troopers have launched massive search operations in Ghati area of Kathua district.In London, addressing a function held in connection with the Jammu Martyrs Day, the speakers said that mission of Kashmiri martyrs would be accomplished at all costs. They included Professor Nazir Ahmed Shawl, Barrister Abdul Majeed Tramboo and Ziaul Hassan Qadri while APHC leader, Nayeem Ahmed Khan addressed the function via telephone from Srinagar.

# कि बजेट देउ, कि प्रधानमन्त्री देउ



काठमाडौं / कांग्रेस र एमाओवादीबीच प्रधानमन्त्रीमा कुरा नमिलेपछि कामचलाउ सरकारका प्रम माधवकुमार नेपालले 'कि बजेट देउ कि प्रधानमन्त्री देउ' भने माग गरेका छन् । गत आसार १६ गते राजीनामा दिएर राजीनामा स्वीकृत भएका प्रम माधवकुमार नेपाल बजेट ल्याउने तयारीमा लागेका छन् । स्मरणीय छ, विश्वमा कहीं पनि कामचलाउ सरकार धेरै दिन रहँदैन र नीति तथा कार्यक्रम र बजेट पनि ल्याउँदैन । माकुने सरकार बजेट ल्याउँछु भनेर उपहासको पात्र मात्र बनेको छ ।

प्रम माधवकुमार नेपालकै दल एमाले संसदमा तटस्थ छ र उसको तटस्थताकै कारण सरकार बन्न सकेको छैन । एमालेकै नेतृत्वको कामचलाउ सरकार कि बजेट ल्याउन देउ कि प्रधानमन्त्री देउ भन्ने नौटंकी प्रदर्शन गरिरहेको छ । राजनीतिमा नैतिकता नभएपछि जे बोले पनि हुन्छ भनेको यही हो । आलोचकहरूले एमालेलाई विना पिंधको लोटा यसै भनेका होइन रहेछन् ।

# India's Aggressive Policy

**Sajjad Shaukat**

After learning positive lessons from the past conflicts, especially World War1 and World War 11, in the modern era of new trends like renunciation of war as a state policy, peaceful settlement of disputes and economic development, it is expected that unlike the non-state actors, state actors will behave with responsibility when controversy arises between them or two countries over any issue. Quite contrarily, Indian irresponsible civil and military leaders are still acting upon aggressive policy towards Pakistan and China. In this connection, Indian present Army Chief General VK Singh has said on October 15, 2010 that China and Pakistan posed a major threat to India's security, while calling for a need to upgrade country's defence. Notably, General Singh after taking over the charge on March 30 had said in his first strategic statement, "Indian Army is well prepared to face any threat from China." Before him, Indian former Army Chief General Deepak Kapoor had vocally revealed on December 29, 2009 that Indian Army "is now revising its five-year-old doctrine" and is preparing for a "possible two-front war with China and Pakistan."While India is no match to China in conventional and nuclear weapons, but the statements of its two army chiefs clearly show that Indian rulers are ready to go even to the extent of war against Beijing. That is why India's war-mongering policy continues against China.Notably, in May 1998, when India detonated five nuclear tests, the then Defense Minister George Fernandes had declared publicly that "China is India's potential threat No. 1." India which successfully tested missile, Agni-111 ***in May 2007***, has been extending its range to target all the big cities of China. As regards Indian new military build up against China, on May 31 last year, after 43 years, New Delhi re-opened its Daulat Beg Oldi (DBO) airbase in northern Ladakh, which overlooks the strategic Karakoram Pass and is only 8 km south of the Chinese border-Aksai Chin area. India has also erected more than 10 new helipads and roads between the Sino-Indian border. In this context, Defence Ministry planners are working on building additional airfields and increasing troopsýÿraising two new mountain divisions to be deployed along the 4,057-kilometer Line of Actual Control (LAC). New Delhi has also announced to develop immediately 1,100 kms of strategic roads on the Indo-Tibetan border.With the help of Israel and America, on 26 February 2008, India conducted its first test of a nuclear-capable missile from an under sea platform after completing its project in connection with air, land and sea ballistic systems. On May 10, 2009, Indian Navy Chief Admiral Sureesh Mehta had disclosed that New Delhi "will soon float tenders to acquire six submarines". Mehta also accused Beijing and explained that the "Indian Navy would keep a close watch on the movements of Chinese submarines which are operating out of an underground base in the South China Sea" and "wish to enter the Indian Ocean". However, under the pretension of Chinese threat, Washington, New Delhi and Israel are plotting to block the sea lanes of the Indian Ocean for their joint strategic goals.It is notable that in order to conceal its covert activities, India has always blamed China for backing Maoist uprising. In this respect, instead of addressing the root causes of the Maoist uprising, Indian government has recently intensified its blame game against China, alleging for supplying arms to these insurgents.Besides, peace-loving country like China, Pakistan is also particular target of India's aggressive policy. In this regard, during the terrorist's attack on the Indian parliament and during the Kargil crisis, Indian rulers had left no stone unturned in intimidating Islamabad through war-like approach coupled with concentration of troops on the Pak-Indian border.It is mentionable that in the aftermath of the Mumbai carnage of November 26, 2008, New Delhi again acted upon aggressive policy. In wake of a continued rising tension between the two nuclear states regarding the culprits of Mumbai tragedy, Pakistan proved itself as a responsible state actor. On February 12, 2009, Islamabad submitted its report to India after lodging FIR against the nine suspects and taking six accused persons into custody. Pakistan's positive behaviour was greatly appreciated by the foreign officials and media, while on the other side, New Delhi along with its media anchors took it as a surprise because India has, itself, been acting upon a reckless policy regarding Pakistan which is still being pursued through a threatening style. However, since November 26, 2008, setting aside our ruler's views that non-state actors were linked to the Mumbai mayhem, India's blindly rejection of Islamabad's offer of joint investigation, various contradictory statements of Indian military and civilian leadership such as calling Pakistan the epicenter of terrorism, emphasizing to hand over the fugitives to New Delhi, take action against them inside Pakistan, terrorism is state policy of Islamabad and all options are open for India including military oneýÿdeployment of Indian military troops across the international border have shown that India is a reckless state actor. Despite Islamabad's optimistic reaction, India had not ruled out surgical strikes on selective targets of our country.The fact of the matter is that Islamabad's realistic reply has proved, without any doubt, that some non-sovereign entities in Pakistan, India and even in some western countries had planed Mumbai catastrophe, but New Delhi wanted to unilaterally blame Islamabad in that respect in order to conceal Indian culprits because its real anti-Pakistan designs would be exposed through a genuine probe. In that regard, Islamabad also raised 30 questions in the report, reciprocally seeking information about Indian officials involved in Malay villages and Samjotha Express blasts in which Indian mastermind Lt. Col Srikant Purohit was found guilty in targeting Muslims and details on the death of Indian Anti-terrorist Squad Chief Hemant Karkare during Mumbai tragedy. Question arises as to why there is no international pressure by the sole superpower or UN on Indian government to handing over Lt.

Col. Purohit, other similar criminals and especially Ajmal Kasab to Pakistan. And why India avoided joint probe in this serious matter. In fact, India has only been exploiting the Mumbai events to fulfill some covert aims against our country. First, New Delhi wants to divert the attention of US President Barack Obama from the thorny issue of Kashmir as earlier he had recognised an inter-relationship between war against terrorism in Afghanistan and this dispute. Second, India wants to use delaying tactics in relation to the composite dialogue or any result-oriented talk in resolving any issue with Pakistan. Third, New Delhi intends to continue creating unrest in Pakistan by supporting insurgency in Balochistan and Pakistan's other regions from Afghanistan where it has established a terror-structure with the help of Indian army and intelligence agency, RAW. Fourth, India, with the backing of America, wants to contain China with a view to thwarting Sino-Pak cooperation, especially in the Gwadar seaport.The most alarming point, however, is that Indian all clandestine designs as part of its aggressive policy are not only directed against Pakistan and China but also against Afghanistan, Sri Lanka, Nepal and Bangladesh. There is no doubt India's aggressive policy will ultimately weaken the federation of India itself as non-state actors or insurgents are present almost in every state of India. Nevertheless such an aggressive policy will further embolden Hindu terrorists who already keep on massacring Muslims and Christians intermittently. In November 2010, President Obama will visit India to sign a number of agreements with New Delhi. Most likely India is going to ask purchase of C-17 and F35 aircrafts along with latest defence-related equipments from the US. It seems that America will further encourage India in its hot pursuit policy in one or the other way. In fact, while playing an opportunist role, India wants to extract maximum benefits from the US.It is the right hour that Obama should take cognizance of the fact that Indo-US defence pact is likely to initiate a dangerous arms race in the region as China and Pakistan will be compelled to give similar response to New Delhi. American president should know that Indian regional hegemonic designs are a potent threat to the global peace. US president must take serious notice of Indian gross human rights violations in Kashmir, against Maoists, Christians, Muslims and Sikhs. Washington must also force India to resolve Kashmir dispute with Pakistan for the sake of regional peace.Sajjad Shaukat writes on international affairs and is author of the book: US vs Islamic Militants, Invisible Balance of Power: Dangerous Shift in International Relations.

# डेङ्गु नियन्त्रणका लागि मलेसियामा नौलो प्रयास

– बरदान कुप्पुसामी

मलेसियाली सरकारले घातक डेङ्गु ज्वरोसँग लड्नका निम्ति जैविकरूपमा सुधारिएको 'टर्मिनेटर' लामखुट्टेलाई नयाँ हतियारको रूपमा प्रयोग गर्न ठिक्क पारेको छ तर अधिकारकर्मी र वातावरणका क्षेत्रमा कार्यरत व्यक्तिले लामखुट्टेको बेमेलयुक्त कृत्रिम प्रयोगले सार्वजनिक स्वास्थ्यमा जोखिम बढाउने भन्दै चिन्ता जनाएका छन् । सरकारले डिसेम्बरसम्ममा डेङ्गुको जीन मार्न सक्ने क्षमता भएका भाले टर्मिनेटर लामखुट्टे छाड्ने विषयमा छलङ्गल चलाएको छ जसले डेङ्गु भाइरस मानवमा पुऱ्याउने एडेस लामखुट्टेको सङ्ख्यालाई न्यून गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास लिइएको छ ।

बेलायती र मलेसियाली वैज्ञानिकको संयुक्त पहलमा चलिरहेको यस योजना अन्तर्गत जैविकरूपमा तयार पारिने भाले एडेस लामखुट्टेले त्यही जातका पोथीसँग सहवास गर्नासाथ उनीहरूले पोथीमा लेथाल जीन प्रवेश गराउँछन् र यसले पोथीमा रहेका लार्भालाई तत्कालै मार्दछ । यसबाट डेङ्गु ङ्कैलाउने लामखुट्टेलाई घटाउने विश्वास गरिएको छ, खासगरी डेङ्गु भाइरस प्रसार गर्ने पोथीलाई । "डेङ्गुसँग लड्ने धेरै सुरक्षित र अहानिकारक उपायहरू पनि छन् र अलग प्रजाति विकास गर्दा त्यसबाट सिर्जना हुनसक्ने वातावरणीय असर कसैले थाहा छैन," वातावरण र जनस्वास्थ्यको संरक्षणमा अभियान सञ्चालन गरिरहेको पेनाङस्थित उपभोक्ता सङ्घका अध्यक्ष मोहम्मद इद्रिसले भने ।

"डेङ्गु ङ्कैलाउने लामखुट्टे नियन्त्रण गर्न वैकल्पिक जैविक विधिहरू पनि छन्," इद्रिसले एक अन्तर्वार्तामा बताए । उदाहरणका लागि, वनस्पतिका सारतत्व, तेल र जैविक विषादीको प्रयोग सस्तो, सुरक्षित र प्रभावकारी छ, उनले भने । "जैविकरूपमा सुधारिएका (जिएम) लामखुट्टे प्रयोगशालाबाट पर्यावरणमा छाड्दा ज्यादै नकारात्मक असर पर्नसक्छ," इद्रिसले थपे । यो संयुक्त परियोजनामा मलेसियाली इन्स्टिच्यूट अङ्ख मेडिकल रिसर्च र बेलायती बायोटेक्नोलोजी कम्पनी अक्सिटेक लिमिटेडले काम गरिरहेका छन् । गैर सरकारी संस्था वातावरण, प्रविधि र विकास केन्द्रका अध्यक्ष गुरमित सिंह चेतावनी दिन्छन् : "एकपटक जिएम लामखुट्टेलाई पर्यावरणमा छाडिसकेपछि यसमा कसैको नियन्त्रण हुँदैन र यसले समस्या समाधान गर्नेभन्दा पनि समस्या बढाउन सक्छ ।"

जिम लामखुट्टेलाई ङ्किल्डमा छाड्ने विषयप्रति बलिया संवेदनशील तर्कहरू खासगरी इन्टरनेटकेन्द्रित अनलाइनमा आइरहेका छन् । यी मिडियामा सरकार नियन्त्रित मूलधारका सञ्चारमाध्यमको भन्दा बिना अवरोध बढी प्रभावकारी अन्तर्क्रिया समेत भइरहेको छ । "यो अनुसन्धानले पान्डोराको बाकस खोलेझैं विषयलाई छताछुल्ल पारिरहेको छ । यो नियन्त्रण बाहिर जानेछ । प्रयोगशालाको वातावरणले प्राकृतिक, जङ्गली पर्यावरणलाई समेट्न सक्दैन," अनलाइन समुदायमा "ङ्कुलायर १६८" भनेर चिनिएका लोकप्रिय टिप्पणीकारले भने । "के सरकारले नागरिकको सुरक्षालाई प्रत्याभूति दिनसक्छ ?" स्वास्थ्यमन्त्री लिआओ टियोङ लाईले सेप्टेम्बरको प्रारम्भमा जिएम लामखुट्टेको प्रयोगशाला अनुसन्धान धेरै नै सङ्कुल भएको घोषणा गरेका थिए । तर उनले सरकारले जेनेटिक मोडिङ्गिकेसन एड्भाइजरी कमिटी र नेसनल बायोसेङ्कटी बोर्डबाट स्वतन्त्र प्रतिवेदनको पर्खाइमा रहेको बताएका थिए । उक्त प्रतिवेदनपश्चात मात्र टर्मिनेटर लामखुट्टेलाई ङ्किल्डमा छाड्ने विषयमा निर्णय लिइने मन्त्री लिआओले बताएका छन् ।

"यदि कमिटी र बोर्ड दुवैले यो योजनालाई सहमति जनाए भने अन्तिम निर्णय मन्त्रिपरिषद्बाट हुनेछ," लिआओले द स्टार पत्रिकालाई सेप्टेम्बर १० मा बताए । यो परियोजनाको रेखदेख गरिरहेको मन्त्रालयले जनस्वास्थ्यलाई सुनिश्चित गर्न कडा उपाय अपनाएको छ, उनले आश्वस्त बनाए । यी दुवै संस्थाबाट राम्रो प्रतिक्रिया आएमा जिएम लामखुट्टेलाई मध्यवर्ती पाहाङ राज्यको दुर्गम क्षेत्रमा छाडिनेछ, स्वास्थ्य मन्त्रालयको स्रोतले बतायो ।

डेङ्गु ज्वरो मध्यवर्ती क्षेत्रमा व्यापकरूपमा पाइन्छ र पोथी एडेस लामखुट्टेले टोके, खासगरी दिउँसोको समयमा, मानिसको मृत्यु समेत हुनसक्छ । एकाएक ज्वरो आए पनि झुक्याउने गरी डेङ्गुको आक्रमण भएको हुनसक्छ र मानिसहरू यसमा प्रायः झुक्किन्छन् । समयमै रोगको निदान गर्न र उपचार गर्न नसक्दा मानिसको अकालमा मृत्यु हुन्छ ।

धेरैवटा एसियाली मुलुकमा सञ्चालित सार्वजनिक अभियानले घर वरिपरिका खाडलमा पानी जम्न नदिन र डेङ्गुको ज्वरोको लक्षण पहिचान गर्न आग्रह गरिरहेका हुन्छन् । डेङ्गुलाई प्रमुख अन्तर्राष्ट्रिय जनस्वास्थ्य समस्याको रूपमा पहिचान गरेको विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले वार्षिकरूपमा करिब पाँच करोड मानिसमा डेङ्गुको संक्रमण हुने गरेको अनुमान गरेको छ । यसबाट वार्षिकरूपमा झण्डै २२ हजारको मृत्यु हुने गरेको छ, जसमा बढी मात्रामा बालबालिका रहेका छन् ।

मार्चमा अमेरिकी नेसनल एकाडेमी अङ्ख साइन्सेज (एनएएस) ले प्रकाशित गरेको अध्ययन प्रतिवेदनले जिएम लामखुट्टे डेङ्गु ज्वरोका विरुद्धमा लड्न मद्दत पुग्ने जनाएको छ । मलेसियाली स्वास्थ्य मन्त्रालयले जिएम लामखुट्टे परियोजनाको लाभलाई समर्थन जनाएको र एनएएसको जस्तो अन्तर्राष्ट्रिय अध्ययनका निम्ति आग्रह समेत गरेको भए पनि स्थानीयले सुधारिएको लामखुट्टेलाई प्रयोगमा ल्याउने विषयमा अझै शंका व्यक्त गरेका छन् । उदाहरणका लागि, राजधानी सहरबाट ३० किलोमिटर दक्षिणमा रहेको पुलाओ केतामस्थित पोर्ट क्लाङ बन्दरगाह सहरमा डिसेम्बरको सुरुआतमा जिएम लामखुट्टे छाड्ने योजनालाई ३० हजारको सङ्ख्याका स्थानीयहरूको कडा विरोधका कारण स्थगित गरिएको थियो । स्थानीय राजनीतिकर्मी र अधिकारकर्मीले मिलेर प्रदर्शन गर्नुका साथै उनीहरूले स्वास्थ्य मन्त्रालयसँग पत्राचार गरेका थिए । उनीहरूले यस स्थानलाई जिएम लामखुट्टेको प्रभावकारिता परीक्षण गर्ने प्रयोगशालाको रूपमा प्रयोग नगर्न आग्रह गरेका थिए ।

"हामीहरू यो अनुसन्धानको विरोध गर्दछौं," स्थानीय गाउँले लिऊ कामले अक्टोबर २००९ मा स्वास्थ्य मन्त्रालयलाई पठाएको पत्रमा लेखेका छन् । "यो परीक्षणले हामी र हाम्रा बालबालिकालाई अझ ठूलो जोखिममा पुऱ्याउनेछ ।" लिऊले अग्रिमरूपमा स्थानीयवासीलाई यस ङ्किल्ड परीक्षणका सम्बन्धमा जानकारी नदिइएको बताएका छन् । उनले स्थानीय जनताको सहभागिताका लागि प्रयत्न नगरेको समेत बताए । टी बून हकका काउन्सिलर पुलाऊ केतामले ङ्किल्ड परीक्षण स्थानीय जनताको विरोधपश्चात् स्थगित गरिएको र स्थानीयले ङ्किल्ड परीक्षण सञ्चालन गरे विपक्षीलाई मतदान गर्ने भन्दै चेतावनी समेत दिएको बताए ।

## सशस्त्र समाचार

# खेलाडीहरूलाई महानिरीक्षक सनतकुमार बस्नेतद्वारा विदाई

काठमाडौं / मित्रराष्ट्र चीनको ग्वाङ्जाओ शहरमा आयोजना हुने १६औं एसियन खेलकुद प्रतियोगितामा सहभागि हुने नेपाल एपीएफ क्लबका खेलाडी तथा अफिसियलहरूलाई सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार वस्नेतले सशस्त्र प्रहरी बलकोतर्फबाट विदाई गर्नुभयो । सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार वस्नेतले उक्त प्रतियोगितामा सहभागि हुने खेलाडीहरूलाई सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा आयोजित एक कार्यक्रमका वीच हार्दिक विदाई गर्नुभएको हो । यही कार्तिक १६ गतेदेखि मंसिर १३ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा



एपीएफ क्लबको तर्फबाट एथलेटिक्स, क्रिकेट, ब्याडमिन्टन, कराँते, बक्सिङ्ग र तेक्वान्दो खेलमा गरी १८ जना खेलाडी तथा एक जना प्रशिक्षक एवं एक जना व्यवस्थापकसहित कूल २० जना सहभागि छन् ।

सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार वस्नेत त्यसअवसरमा एपीएफ क्लबबाट सहभागि खेलाडीहरूले आ(आफ्नो स्पर्धामा उत्कृष्ट खेल प्रदर्शन गर्दै सफल नतिजा हासिल गरी राष्ट्र र संगठनको नाम उच्च राख्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले खेल क्षेत्रको विकासमा संगठनले सम्भव भएसम्मको प्रयास गरिरहने तथा बलले खेलकुदलाई उच्च प्राथमिकता दिँदै आएको चर्चा गर्नुहुँदै ज्याँदै महत्वपूर्ण यस प्रतियोगितामा संगठनकोतर्फबाट सहभागि हुने अवसर प्राप्त गर्ने बलका खेलाडीहरूले मुलुकको समेत प्रतिनिधित्व गर्ने हुँदा अनुशासित एवं मेहनतका साथ जोशजागर लिएर सफलता हासिल गर्ने दृढ विश्वास तथा साहस र भावना राख्नुपर्ने बताउनुभयो । दौड्दा नथाक्ने मान्छे संसारमा अहिलेसम्म जन्मिनसकेको चर्चा गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक वस्नेतले भन्नुभयो('जो मान्छे थाकेको बेला दौड्न्छ उसले आफ्नो लक्ष्यमा सफलता प्राप्त गर्दछ ।'

उहाँले एसियन खेलकुदमा सहभागि हुने बलका खेलाडीहरूले गरेको खेल प्रदर्शनलाई संगठनले उच्च मुल्यांकन गर्दै उत्कृष्ट खेल प्रदर्शन गरी संगठन र देशको इज्जत प्रतिष्ठा अभिबृद्धि गर्ने खेलाडीहरूलाई प्रेरणा र हौसला स्वरुप कदर गर्ने संगठनको सोच रहेको बताउनुभयो । सो प्रतियोगितामा सहभागि हुने खेलाडीहरूमा क्रिकेटतर्फ राष्ट्रिय टोलीका टिमक्याप्टेन समेत रहेका पारस खड्का, सरद भेष्वाकर, पृर्थु बाँस्कोटा, ज्ञानेन्द्र मल्ल, महबुब आलम, अमृत भट्टराई र वसन्त रेग्मी छन् भने कराँतेतर्फ कल्पना वस्नेत, रोजी नगरकोटी, गंगा अधिकारी रहेका छन् । यसैगरी आशिष महर्जन र सुजन जोशी तेक्वान्दोतर्फ तथा सुजना श्रेष्ठ, रत्नजित तामाङ र साजनकृष्ण ताम्राकार ब्याडमिन्टनमा प्रतिस्पर्धा गर्दै छन् । यसैगरी यथलेटिक्समा कान्छीमाया कोजु छिन् भने बक्सिङ्गतर्फ सञ्जु लामा र पुरन राई रहेका छन् । उक्त विदाई कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू कृष्णबहादुर बिष्ट र शैलेन्द्रकुमार श्रेष्ठ तथा सशस्त्र प्रहरी नायव महानिरीक्षक भीष्म कान्त अर्यालगायत एपीएफ अधिकृत तथा जवानहरूको उपस्थिति रहेको थियो । प्रतियोगितमा सहभागि हुने खेलाडीका साथमा टिम व्यवस्थापनको लागि सशस्त्र प्रहरी नायव उपरीक्षक प्रेमकुमार श्रेष्ठ र ब्याडमिन्टन प्रशिक्षक उदयकुमार श्रेष्ठ समेत रहने छन् ।

# राप्रपा नेपाल भन्दछ

काठमाडौं / राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका सहमहामन्त्री राजाराम श्रेष्ठद्वारा प्रकाशित एक लिखित वक्तव्यमा सो पार्टीले कार्तिक २७,२८ र २९ गते मुलुकभरमा विरोध सभा गर्ने र संविधान अन्तर्गत रहेका तीन दल र सरकारले आफ्नो काम कर्तव्य अगाडि नबढाएको आक्रोश व्यक्त गर्दै अगाडि भनिएको छ, एनेकपा माओवादी, नेपाली कांग्रेस र नेकपा एमालेको चरम सत्ता लिप्साको कारण मुलुक अहिले सरकारबिहीन तथा अनिर्णयको बन्दी बन्न पुगेको छ । शान्ति प्रक्रिया अवरुद्ध भएको छ, संविधान निर्माणको कार्यले अपेक्षित गति लिन सकेको छैन तथा असुरक्षा, भष्टाचार र महंगीले जनता अक्रान्त भएका छन् । यसैबीच नेपालको अस्थिर राजनीतिकको पुष्ठभूमीमा बाह्य शक्तिको चलखेल र हस्तक्षेप तीव्ररुपमा बढ्न गएको छ । यस्तो अवस्था लामो समय कायम रहे राष्ट्र गम्भिर दूर्घटनामा पर्न सक्ने खतरालाई दृष्टिगत गर्दै देशलाई अनिर्णयको बन्दी बनाइएकोमा विरोध गर्न तथा राष्ट्रलाई संकटबाट मुक्त तुल्याउँने क्रममा जनदवाव सिर्जना गर्न रप्रपा नेपालले आगामी कार्तिक २७ देखि देशव्यापी रुपमा तीन दिने खबरदारी तथा विरोध प्रदर्शन कार्यक्रम गर्ने भएको छ । कार्यक्रम अनुसार कार्तिक २९ गते दिउँसो १ देखि ४ बजे सम्म संविधानसभा भवन अगाडि घेराउ, धर्ना र आमसभाको माध्यमबाट नेपाली जनता समक्ष ज्ञापन पत्र पेश गरिनेछ । सोही दिन राप्रपा नेपालले व्यवस्थापिका संसद्मा रोष्टम घेराउ समेत गर्नेछ । साथै सोही दिन सम्पूर्ण जिल्ला सदरमुकामहरूमा विरोधसभा गरी जनता समक्ष ज्ञापनपत्र प्रस्तुत गरिने छ । खबरदारी तथा विरोध प्रदर्शन कार्यक्रम अन्तर्गत कार्तिक २७ र २८ गते घरदैलो कार्यक्रम, कोणसभा र प्रचारप्रसार कार्यक्रम हुनेछ । कार्तिक २८ गते पार्टीको युवा संगठनले मोटर साइकल ऱ्यालीको आयोजना गर्नेछ ।

फोटो सहितको मतदाता परिचयपत्र निर्माण गर्ने क्रममा नागरिकता बाहेक अन्य कागजातलाई समेत आधार मान्न सकिने भन्ने निर्वाचन आयोगले हालै गरेको निर्णप्रति राप्रपा नेपाल घोर आपत्ति प्रकट गर्दछ संविधानले नेपाली नागरिकलाई मात्र मानवधिकार प्राप्त हुने किटानी व्यवस्था गरेको अवस्थामा नागरिकता प्रमाणपत्र बाहेकका कागजात समेत मान्य हुने निर्णय सरासर संविधान विपरित कार्य हो । यो कार्य राष्ट्रिय हित र स्वार्थ प्रतिकूल समेत रहेको छ। यो निर्णय अविलम्ब सच्याउन राप्रपा नेपाल

(बाँकी तीन पेजमा)



## राष्ट्र र...

दिने माओवादी नेता र लडाकूलाई कारबाही गर भनेर धम्क्याएको छ। राजदूत राणाले राष्ट्रपतिलाई गत सोमबार भेटेर यसबारे भारतको आवाजबारे ब्रिफिङ गरिसकेका छन।

माओवादीको अतिवादी र अमर्यदापूर्ण व्यहवारले अन्ततोगत्वा राष्ट्र र स्वयमं माओवादी भारतीय चक्रव्युहमा फस्दै गएको छ। उसै त भारत हस्तक्षेप गरिरहेको छ, त्यसमाथि थप हस्तक्षेपको मौका दिएर माओवादीले नकाम गरेको छ।

## लोकतान्त्रिक...

शैलीमा धारे हात लगाएर गाली गलौज सुरु गरेको छन्।

पञ्चायतमा राष्ट्रवादी मण्डल थियो र त्यसको दुरुपयोग भएपछि मण्डललाई मण्डले राजनीतिक भनेर कुख्यात बनाइयो। बहुदलीय १० वर्षे कुसाशनको समस्यामा मण्डले भनेर आरोपितहरूलाई कुशासक दलहरूले भिजिलान्ते भनेर जनताको ध्यान अन्यत्र मोड्न सफल भए। तिनै कुशासनको नेतृत्वपंक्ति यतिखेर शीर्ष ३ दल बनेका छन् र लोकतन्त्रलाई अझ वदनाम गर्दै लोकतान्त्रिक मण्डल खडा गरेर लोकतान्त्रिक मण्डलले शासन गर्न वार्ता सहमति निर्माणमा लागेका छन्। रामचन्द्र पौडेलको उमेदवारी फिर्ता र मण्डलको निर्माण गर्न सफल भए भने ३ दलले चमत्कार गरेको ठहरीने छ र नेपालमा लोकतान्त्रिक मण्डले युग सुरु हुनेछ। जुन आफैंमा दूर्भाग्यपूर्ण हुनेछ।

पालैपालो अथवा मण्डल बनाउनु पर्ने छलफल सुरु हुनासाथ संविधानसभा र संसद स्वतः बेकम्मा र निकम्मा सावित भइसकेको छ। जब संविधानसभाले संविधान निर्माण गर्न सक्दैन, संसदले प्रधानमन्त्री चयन गर्न सक्दैन र शीर्ष ३ दल मण्डल खडा गर्ने बहस सहमतिमा जुट्छन् भने झण्डै सवा खर्ब रुपैयाँ खर्च गर्नु र देशलाई बर्बाद पार्नुको अपराधको दण्ड संविधनसभामा प्रतिनिधित्व गर्ने २७ दलले पाउँनै पर्छ। यो दण्डबाट शीर्ष ३ दल र यसको नेतृत्वपंक्ति सुशील कोइराला, झलनाथ खनाल र प्रचण्डलाई नागरिक समाजले बहिष्कार गर्ने घोषण गर्न सक्नुपर्दछ।

## राप्रपा...

खबरदारी तथा विरोध प्रदर्शन गर्ने भन्दै राप्रपा नेपालले सार्वजनिक गरेको कार्यक्रमअनुसार २७ र २८ गते घरदैलो कार्यक्रम, कोणसभा र प्रचार कार्यक्रम राखिएको छ भने २९ गते संविधानसभा घेराउ गरेर संविधानसभा परिसरबाटै जनतासमक्ष ज्ञापनपत्र बुझाउने भएको छ। राप्रपा नेपालले सार्वजनिक गरेको वक्तव्यअनुसार त्यसैदिन युवातुर्कले मोटरसाइकल र्‍यालीसमेत गर्ने भएको छ।

## सभामुख...

गरिदिएर संसदको कार्यक्षेत्रमा हस्तक्षेप नगरेपनि त्यसप्रति अदालतले देखाएको असन्तुष्टिलाई गम्भीररुपमा लिनुपर्ने संविधानविदहरूले बताएका छन्। न्यायालयले संसदलाई संगठीत संस्थाका रुपमा सम्मान गर्दै हस्तक्षेप नगर्ने संकेत दिएर रिट खारेज गर्ने निर्णय गरेको छ। रिट खारेज हुनुको अर्थ त्यही हो, संसदको कार्यप्रति अदालत सन्तुष्ट छैन। संसदले त्यसलाई गम्भीरतापूर्वक लिनुपर्दछ, नत्र अदालतले सक्रियता बढाउन सक्छ, कानूनविदहरूको राय रहेको छ। न्यायपालिका संविधानको अन्तिम व्याख्या गर्ने थलो भएको हुनाले उसले आफूले दिएको आदेशलाई वेवास्ता गरिए कठोर रुलिङ हुन सक्ने एक संविधानविद्को राय रहेको छ।

आदेश पढेर सुनाउने क्रममा न्यायधिश श्रेष्ठले देशको बेथिति न्यायलयले टुलुटुलु हेरेर बस्न नसक्ने बताएका थिए। कति पटकसम्म यो अनिर्णयको व्याकूलस्थिति जारी गर्नदिने भन्ने कुरा चिन्ताको विषय भएको छ। ३९ पुष्ठ लामो आदेशको ठहर पढ्दै न्यायाधीश श्रेष्ठले भने- 'मन्त्रिपरिषद्को गठन गरिदिनुपर्ने विधायिकाको संवैधानिक दायित्व भएकाले त्यस्तो प्रश्नलाई राजनीतिक वा आन्तरिक कार्यविधिको विषय मानी मौन बस्नु हाम्रो लागि सुहाउँदो लागेको छैन।'

कहिल्यै नसकिने चुनावको गोलचक्करमा मुलुक फसेको र त्यसलाई निकाल्न सभामुखको ठूलो भूमिका हुने भएकोले उनलाई दायित्व बहन गर्न सुझाव दिंदै सर्वोच्चले भनेको छ, अध्यक्षको दुरदर्शी भूमिका अपेक्षित मात्र हैन वाञ्छित समेत रहेको छ। सर्वोच्च आदलतले सभामुखलाई प्रधानमन्त्रीको चुनावका लागि नयाँ शीराबाट पक्रिया थाल्न पहल गर्न पनि आदेश दिएको छ। न्यायाधीशद्वयले प्रधनमन्त्रीमा चयन साभाषद्को भूमिकाको पनि आलोचना गरेका छन्, विपक्षमा बस्नेले आफ्नो कुनै दाबी पनि छैन विरोध गरेवापत गुम्नेपनि केही छैन, आदेशमा भनिएको छ। आफ्नै दायित्व बहन गर्नसमेत सभामुख र संसदलाई अदालतले आदेश दिएको हुनाले अब सोही अनुसार सभामुख र संसद सक्रिय हुन्छन कि ?

## जाँदा जादै...

पछिल्लो समयमा सामान्य प्रसाशन मन्त्री रविन्द्र श्रेष्ठले केही सहसचिवहरूको सरुवा गरिदिए, सहसचिव पद नै खाली नभएको ठाउँमा समेत सरुवा गरेर मन्त्री श्रेष्ठले अर्को रेकर्ड कायम गरेका बेला राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने वन तथा भू-संरक्षण मन्त्री दीपक बोहराले अर्को रेकर्ड कायम गरेका छन्, एकैपल्ट १३ जना सहसचिवहरूको सरुवा गरेर। आफू कामचलाउ मन्त्री भएपनि त्यसलाई वास्ता नगरेर केही समय पहिला वन विभागका महानिर्देशक माधव आचार्यलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा सरुवा गरेका थिए, अहिले आएर उनले सहसचिवहरूको वरिष्ठतालाई लत्याउँदै कनिष्ठहरूलाई विभागीय प्रमुख बनाएपछि वन तथा भू-संरक्षण मन्त्रालयमा बोहरा आतंक मच्चिएको छ।

डिएफओ सरुवाको कारण मन्त्रालयका सचिव युवराज भुषालसँग बोलचालनै बन्द भएको बेला १३ जना सहसचिवहरूको सरुवा गरेर मन्त्री बोहरा र सचिव भुषालले नौटंकी मात्र गरेका छैनन, जाँदाजाँदै करोडौं रकमसमेत कुम्ल्याएका छन्। मन्त्री र सचिवको मिलेमतोमा वन विभागको महानिर्देशक पदमा गोपालकुमार श्रेष्ठलाई ल्याइएको छ। यसभन्दा अगाडी उनी वन विभागको सामुदायीक वन महाशाखा प्रमुख रहेका थिए। उनीभन्दा बरिष्ठ सहसचिव प्रकाश सायमीलाई पाखा लगाएर उनले श्रेष्ठलाई महानिर्देशक बनाएका हुन्। प्रकाश सायमीलाई भने अत्यन्तै कमजोर मानिएको वनस्पति विभागको महानिर्देशक बनाइएको छ। सामान्यतया एउटा कर्मचारी सरुवा भएको २ वर्षसम्म अर्को ठाउँमा सरुवा नगर्ने लोकसेवा आयोग र सामान्य प्रशासनको नियमलाई धोती लगाउँदै मन्त्री बोहराले ३ महिनामै केही सहसचिवलाई सरुवा गरेर आफूलाई अहिलेसम्मकै असफल वन तथा भू-संरक्षण मन्त्रीको दर्जामा दर्ज गराएका मात्र छैनन् माधव नेपालको मन्त्रिपरिषद्को सबैभन्दा भ्रष्ट मन्त्रीका रुपमा समेत चिनाएका छन्। लाखौं नजराना लिएर केही सहसचिवहरूलाई उनले घर पायक सरुवा समेत गरिदिएका हुनाले अब आउने नयाँ मन्त्रिपरिषद्ले गैरकानूनी रुपमा मन्त्री बोहराले गरेका निर्णयहरू बदर गरी साविककै ठाउँमा दुई वर्षे पदावधि पूरा गर्न दिनुपर्ने वन तथा भू-संरक्षण मन्त्रालयमै चर्चा चलेको छ।

## व्यक्तिगत...

सरकार चलाउने अध्यक्ष मण्डलको प्रस्ताव नेकपा माओवादीले रणनीतिक रुपमा अगाडी सारेको राजनैतिक वृत्तमा चर्चाको विषय बनेको छ।

मुलुक अहिले सरकार विहीन अवस्थामा रहेको छ। प्रधानमन्त्री माधवकुमार नेपालले असार १६ गते राजीनामा दिएपछि हाल उनी कामचलाउ सरकारको नेतृत्व गरिरहेका छन्। माधव नेपालले राजीनामा दिएको १३८ दिनसम्ममा पनि नयाँ सरकार गठन हुन नसक्नुमा माओवादीका पूर्व लडाकूहरू र कन्टेनरमा राखिएका माओवादीका हतियारहरू नै प्रमुख बाधक रहेको नेताहरूले बताएपनि खास अर्थमा भन्ने हो भने प्रधानमन्त्री पद नै प्रमुख बाधक रहेको पाइएको छ। एकीकृत नेकपा माओवादी संविधानसभामा सबैभन्दा ठूलो पार्टी भएको नाताले सरकारको नेतृत्व आफूले पाउनु पर्ने अडानमा रहेको र नेपाली कांग्रेस र नेकपा एमालेले शान्ति र संविधान निर्माणको मुद्दालाई पहिलो प्राथमिकतामा राखेका हुनाले तीन दलबीच सहमति हुन नसकेको प्रष्ट भएको छ।

नेपाली कांग्रेसले आफूले पहिला देखिनै अगाडी सार्दै आएका मुद्दाहरूलाई एकीकृत नेकपा माओवादीले स्वीकार गरी शान्ति प्रक्रिया, संविधान निर्माण, माओवादीका पूर्व लडाकूहरूको समायोजन र व्यवस्थापन, अनि माओवादीद्वारा कब्जामा लिएको सर्वसाधारण जनताको सम्पत्ति घरजग्गा फिर्ता गर्नुपर्ने कुरामा अडान लिएपछि तीन दलबीच सहमति हुन नसकेको हो। एकीकृत नेकपा माओवादीले अगाडी सारेको सरकारको नेतृत्व तीन दलका शीर्ष नेताहरूको अध्यक्ष मण्डलले गर्ने र त्यसमा पालैपालै सरकारको नेतृत्व गर्ने प्रस्तावलाई नेपाली कांग्रेसले ठाडै अस्वीकार गरिदिएको छ। नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल भने माओवादीको समर्थनमा प्रधानमन्त्री बन्ने सपना तुहिन पुगेपछि फेरी अध्यक्ष मण्डलको प्रस्तावलाई अप्रत्यक्षरुपमा स्वीकार गर्न पुगेका हुनाले कतै अब मुलुक प्रधानमन्त्रीको सट्टा अध्यक्ष मण्डलतिर जाने हो कि भन्ने आशंका जन्मिएको छ। नेपालको अन्तरिम संविधानले परिकल्पना नै नगरेको प्रस्ताव अगाडी सारेर एकीकृत नेकपा माओवादीले संविधान संशोधनको प्रस्ताव अगाडी सार्नु आफैंमा गैर कानूनी र हाँस्यास्पद रहेको राजनैतिक वृत्तमा बहसको विषय बनेको छ। एकातिर २०६८ जेठ १४ गतेभित्रमा संविधान बनाउँछौं भनेर जनतालाई ढाँट्ने नेताहरू आफ्नो व्यक्तिगत स्वार्थ र महत्वकांक्षामा लागेर संविधान संशोधन गर्न लागेकाले तोकिएको समयमा संविधान नबन्ने प्रायः निश्चित देखिएको छ। तोकिएको समयमा संविधान निर्माण हुने भए, व्यक्ति इच्छापूर्तिका लागि संविधान संशोधनको आवश्यकता किन ? भन्ने प्रश्न समेत उठ्न थालेको छ।

## २९ गते...

तीन दलवीच एकले अर्कोलाई विश्वास गर्न नसकेकै कारणले गर्दा कांग्रेस, एमाले र एमाओवादीवीच अविश्वासको साह्रै ठूलो खाडल परिसकेको छ। यो खाडल ३ दिनभित्रै पुरिन्छ र आगामी २९ गते सहमति बन्छ भन्न सकिने अवस्था छैन। नेपालको राजनीतिमा बेइजिङ, दिल्ली र वाशिङ्टनसमेत हावी भइसकेको अवस्थामा प्रचण्ड, सुशील अथवा झलनाथ खनालले मात्र केही गर्न सक्ने स्थिति छैन। उनीहरू सहमत भएपछि मात्र नेपाली राजनीतिको असहज परिस्थिति सहज बन्न जाने निश्चित छ। यस दृष्टिकोणबाट हेर्दा नेपालका शीर्ष तीन दल जनता तर्साउने बुख्याँचाभन्दा केही पनि होइनन् भन्दा फरक पर्दैन।

## सजायको...

मझौला सबै खाले कार्यकर्ताहरूले आज छातीमा हात राखेर भनून कि, हिजो गरिएका ती कुकृत्य राष्ट्र हितमा थियो कि थिएन ? अब तिनले भनून कि यो मुलुकको सम्पूर्ण समस्याको जड त्यही (संवैधानिक) राजतन्त्र थियो कि थिएन ? को हो मुख्य समस्याको जड अब पनि थाहा लागेन ? हिजो कसको निर्देशनमा सडकका रेलिङहरू, भाँचेका थियौ ? ...सरकारी गाडीहरू जलाएका थियौं ? र आज 'नेता' को रुपमा अगाडीको आएको छ ? त्यो देख्दा (यदी देश प्रति माया छ भने) रुन मन लागेन ? हिजो एउटालाई 'नेता' मानेको, तर आज त आफ्नो त्यो 'नेता' को पनि नेता त अर्कै (राकेश सूद) रहेको देख्दा जीऊ तातेर आउँछ कि आउँदैन ? ...कि आत्मा नै मरिसक्यो ? ...तर अब हुनु नहुनु भइसक्यो, गल्ती गर्नेले सजाय पाउने त छँदैछ, त्यो बाहेक आफूलाई सुधार्ने मौका पनि पाउँछ नै। त, सजाय के हो भने हिजोका ती पापहरूलाई सच्याउने। अर्थात् अब पुङमाडे नेताहरूको पछि पछि होइन कि राष्ट्रको पछि लागौं। कथित नेताहरूको बोली र व्यवहारलाई ब्रम्हवाक्य नमानी राष्ट्रिय स्वार्थको पछि लागौं, त्यो नै नेपाल र नेपाली जनताको हीतमा हुनेछ।

# हात्तिवन वार्ता हात्ति आयो हात्ति आयो फुस्सा

काठमाडौं / गतहप्ता शुक्रबार र शनिबार हात्तिवन रिसार्ट होटलमा गृहमन्त्रालयको साइन बोर्ड टाँसेर गरिएको शीर्ष तीन दलको गोप्य र गम्भीर बहस हात्ति आयो, हात्ति आयो फुस्सा भएको छ। त्यस पछिका वार्ताले समेत राजनीतिक अवरोधको निकास निकाल्न सकेको छैन। हात्तिबन रिसोर्टमा भएको २८ घण्टे छलफलमा टन्न खानपनि र मनोरञ्जनले एकातिर रोचक पिकनिकको झझल्को दिएको थियो भने अर्को तिर नेताहरूले विदा मनाएको जस्तो पनि देखियो। कांग्रेस, एमाले र एमाओवादीका ५-५ जना संलग्न हात्तिवन वार्तामा केही नेताहरू वार्ता भन्दा 'म्यारिज' खेल्न समेत उत्साहित थिए भने केही नेताले फोटो समेत खिचाएका थिए। केही नेताहरू विविध टेष्टका विविध परिकारको स्वाद लिने मौका छोपिरहेका थिए। वार्तामा संलग्न एक नेताले 'गोप्य वार्ताको परिदृश्य लाजमर्दो थियो' भनेका छन्। शीर्ष ३ दलले शान्ति र संविधानप्रति गम्भीरता देखाउने हो भने, अहं र अहंकार छोड्ने हो भने १ घण्टामा नयाँ सरकार बन्न सक्छ। एक दलले अर्को दललाई अविश्वास गरेकै कारण तीन दलको सत्ता लिप्सा बढेको छ र यही सत्ता लिप्साको परिणाम हो, हात्तिवन वार्ता हात्ति आयो फुस्सा।

# मुखभित्रै गोली ठोकियो

काठमाडौं / कात्तिक २२ गते विष राख्दा समेत प्रभावहिन हुने 'जेड स्टोन' को कारोबारी पक्राउ गर्ने क्रममा प्रहरीले मुखभित्र पेस्तोल घुसारेर गोली ठोकेको घटनाले निकैचर्चा पाएको छ। 'जेड स्टोन' का कारोबारीसँग सादा पोसाकका प्रहरीले क्रेता बनेर मोलतोल गरेका थिए। ३ करोड पर्ने चिनियाँ जेड स्टोनको २ करोड ५० लाखमा मोल छिनेपछि प्रहरी कारोवारी पक्राउ गर्न दलबलसहित रविभवनस्थित ग्लोबल अटोमोबाइलको कार्यालयमा पुगेका थिए। प्रहरीले विवेक घिमिरे, विष्णुबहादुर थापा, कुशल शर्मा, प्रकाश शर्मा र माधव आचार्यलाई पक्राउ गरेको छ। भारती नागरिक शिशमकुमार रौनियारको ओठमा घाउ छ र उनको एकातिरको गाला गोलीले छेडिएको छ। सबैलाई पक्राउ गरेपछि रौनियारले भाग्ने भगाउने प्रयास गर्दा गोली चलाइएको थियो। प्रहरीले भीडन्तमा गोलि पड्किएको र रौनियार घाइते भएको जनाएको छ भने रौनियारको गाला गोलीले छेडिनुलाई उनको मुखभित्रै पेस्तोल छिराएर ठोकिएको अस्पताल स्रोत र विज्ञहरू बताउँछन्। त्यस क्षेत्रमा चोरी, डकैती, लुट रोक्न नसक्ने प्रहरी 'जेड स्टोन' को पछाडि लाग्नु पनि रहस्मय मानिएको छ।

पत्रकार तथा सञ्चार माध्यमहरुबीचको आपसी सम्बन्ध व्यवसायिक स्वस्थ संयमित मर्यादित र सुमधुर राख्न दुवै सक्रिय र प्रयत्नशील हुनुपर्दछ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर